# धवलागिरी गाउँपालिका

स्थानीय राजपत्र

| खण्डः ८ | सङ्ख्याः११ | मितिः२०८२।०८।२५ |
|---|---|---|

**भाग-२**

**धवलागिरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको स्वीकृतीबाट जारी**

## बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०८२।०८।२१

राजपत्रमा प्रकाशित मितिः २०८२।०८।२५

## प्रस्तावना

धवलागिरी गाउँपालिकाको कृषि, पशुपंक्षि तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि गाउँसभाबाट स्विकृत तथा स्थानिय तहमा शसर्त वित्तिय हस्तान्तरण मार्फत हस्तान्तरित कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वान्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको बैठकको निर्णयबाट **बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** स्वीकृत गरि लागू गरिएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ "** रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यविधि" भन्नाले बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले बाख्रा प्रवर्द्धन कार्यक्रम सम्झनु पर्छ ।

(ग) "कार्ययोजना" भन्नाले मासु उत्पादन बढाउन व्यवसायिक रुपमा बाख्रापालन गर्न तयार गरिएको कार्ययोजना सम्झिनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ङ) "शाखा" भन्नाले धवलागिरी गाउँपालिका पशु सेवा शाखा सम्झनु पर्छ

(च) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(ज) "वडा कार्यलय" भन्नाले धवलागिरी गाउँपालिका मातहतका सबै ७ वटा वडाहरु सम्झनु पर्छ ।

(झ) "आवेदक" भन्नाले कार्यक्रम सञ्चालनको लागि आवेदन दिएका कृषक/कृषक समूह/सहकारी/ निजी क्षेत्र सम्झनु पर्छ।

(ञ) "साझेदार संस्था" भन्नाले कार्यक्रम सञ्चालन गर्न छनौट भएका बाख्रा पालक कृषक/कृषक समूह/सहकारी/ निजी क्षेत्र सम्झनु पर्छ ।

(ट) "निजी क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि फार्म सम्झनु पर्छ।

(ड) "कृषक समूह" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समूह सम्झनु पर्छ ।

(ढ) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि क्षेत्रमा काम गर्ने सहकारी सम्झनु पर्छ ।

**<u>३. उद्देश्य</u>** : (१) यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) धवलागिरी गाउँपालिकामा बाहिरबाट आयात गरिने बोका, बाख्राको संख्या कम गराउने,

(ख) मासुको आयात न्यूनिकरण गर्ने,

(ग) बाख्रापालन पेशालाई मर्यादित र व्यवसायिक बनाउने ।

## परिच्छेद २-
## समिति सम्बन्धि व्यवस्था

**<u>४. मूल्यांकन समितिः</u>**(१) बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रमलाई प्रभावकारी, पारदर्शी, व्यवस्थित तथा प्रतिफलमा आधारित बनाउनका लागि सुरुमा प्रस्तावहरु छनौट गर्ने र आवश्यक निर्णय लिनका लागि प्रस्ताव मूल्यांकन समिति देहाय बमोजिम गठन हुनेछ ।

क) गाउँपालिकाको उपाध्यक्ष -संयोजक

ख) आर्थिक विकास समितिको संयोजक -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी - १ जना -सदस्य

च) शाखा प्रमुखले तोकेको पशु सेवा शाखाको कर्मचारी - १ जना -सदस्य

छ) पशु सेवा शाखाको प्रमुख -सदस्य सचिव

(२) मूल्यांकन समितिले निर्णय गर्दा लिईने आधारहरु

क) पशु सेवा शाखाको कर्मचारीहरुले गरेको स्थलगत अनुगमन प्रतिवेदन

ख) आवेदकले पेश गरेको अनुसूची-१ बमोजिमको निवेदन, अनुसूची-२ बमोजिमको प्रतिबद्धता पत्र, अनुसूची- ३ बमोजिमका कार्ययोजना विवरण र अनुसूची-६ बमोजिमका आधारहरु

ग) विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसुची - ४ बमोजिमको स्व-घोषणा पत्र

## परिच्छेद - ३

## कार्यक्रम सञ्चालन प्रक्रिया

**५. सुचना प्रकाशन :** (१) गाउँपालिकाले कार्यक्रम सञ्चालनको लागि २१ दिने आवेदन मागको सूचना प्रकाशन गरि माग संकलन गर्नुपर्नेछ ।

**६. प्रस्ताव पेश गर्ने :** (१)कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले कार्यालयले तोकेको ढाँचा बमोजिमको आवश्यक कागजातहरु ; अनुसूची-१ बमोजिमको आवेदन पत्र, अनुसूची-२ बमोजिमको प्रतिवद्धता पत्र, अनुसूची-३ बमोजिमका कार्ययोजना विवरण, अनुसूची-४ बमोजिमको स्वःघोषणा पत्र र सूचनामा माग बमोजिमका आवश्यक कागजात पेश गर्नुपर्नेछ ।

**७. कार्यक्रम सञ्चालन :** (१) कार्यक्रम सञ्चालन देहायबमोजिम हुनेछ।

(क) यस कार्यक्रम धवलागिरी गाउँपालिकाका वडाहरुमा सञ्चालन हुनेछ ।

(ख) व्यक्तिगत आवेदकले कम्तिमा ५ वटा वा सो भन्दा बढि माउ बाख्रा पालन गरेको हुनुपर्नेछ ।

(ग) समुह वा सहकारीको हकमा कम्तिमा १५ जना बाख्रापालक कृषक सदस्य समावेश हुनुपर्नेछ र प्रत्येक सदस्यले ५ वटा माउ बाख्रा पालन गरेको हुनु पर्नेछ ।

(घ) यस कार्यविधि बमोजिम छनौट भएका कृषकहरुलाई गाउँपालिकाले अनुदान रकम उपलब्ध गराउनेछ ।

**८. अनुदान प्रतिशत र सिमा :**(१) कुल लागतको बढिमा ५० प्रतिशत अनुदान र कम्तिमा ५० प्रतिशतको साझेदारी सम्बन्धित साझेदारले गर्नुपर्नेछ ।

(२) विगतका वर्षहरुमा सोहि प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोहि कार्यक्रममा छनोट गर्न पाइने छैन ।

**९. साझेदार सस्थाको छनोट :** (१)साझेदार संस्थाको छनोट यस धवलागिरी गाउँपालिकाले गर्नेछ ।

**१०. सम्झौता :** (१) छनौट भएका आवेदकहरुसंग गाउँकार्यपालिकाको कार्यालयले अनुसूची - ५ बमोजिमको सम्झौता गर्नेछ ।

## परिच्छेद - ४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

**११. कन्टेन्जेन्सि खर्चः** (१) अनुदान रकमको तिन (३) प्रतिशत कन्टेनजेन्सि स्वरुप कट्टा गरिनेछ । कार्यालयले उक्त रकम अनुगमन भ्रमण खर्च, बैठक भत्ता तथा अन्य प्रशासनिक कार्यको लागि खर्च गर्नेछ ।

**१२. अनुदान र स्वःलगानिः** १) साझेदार संस्थाले प्राप्त गर्ने अनुदान र स्वलगानिको विवरण देहाय बमोजिम हुनेछ।

| क्र.स. | कार्यक्रम विवरण | अनुदान रकम | स्वःलगानी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | माउ बाख्रा/ब्याड बोका खरिद | ५०% | ५०% | १००% | |
| २ | खोर निर्माण | ५०% | ५०% | १००% | |

**१३. विलभरपाई पेश गर्नुपर्नेः**(१) अनुदान रकम प्राप्त गर्ने साझेदार संस्थाले सम्झौता बमोजिम खोर निर्माण तथा बाख्रा खरिद गरेको विल/भरपाई कार्यालयमा पेश गर्नु पर्नेछ।

**१४. लेखा परिक्षण तथा आर्थिक कारोवार**ः (१) यस कार्यक्रमको लेखा परिक्षण तथा आर्थिक कारोवार सम्वन्धि अन्य व्यवस्था प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**१५. भुक्तानी** :(१) सम्झौता भएका आवेदकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरिसकेपछि आवश्यक विल भरपाई,कार्य सम्पन्न प्रतिवेदन,तथा अन्य आवश्यक कागजात पेश भएपछि प्रचलित ऐन, नियमावलीको अधिनमा रहि भुक्तानि गर्नुपर्नेछ ।

(२) छनौट भएका व्यक्ति/कृषक/कृषि समुह/सहकारी/संस्थाले कुल लागत अनुदानको ५० प्रतिशतले हुन आउने रकम गाउँपालिकाले तोकिदिएको खातामा दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (२) मा जेसुकै लेखिएको भएतापनी व्यक्ति/कृषक/कृषि समुह/सहकारी/संस्था आफैंले बजारबाट खरिद गर्न चाहेमा गाउँपालिकाको सम्बन्धित पशु प्राविधिकको समेत संलग्नतामा खरिद गरिने बाख्राको मूल्यांकन गरी ५० प्रतिशत लगातको अनुदान रकम फर्मको बिल भरपाइका आधारमा सम्बन्धित फर्मलाई समेत भुक्तानी गर्न सकिनेछ।

## परिच्छेद - ५

## विविध

**१६. अनुगमन तथा मूल्यांकन :** (१) पशु सेवा शाखाले आवश्यकता अनुसार अनुगमन र मुल्यांकन समितिले मूल्यांकनको आधार मानि मूल्यांकन गर्नुपर्नेछ ।

**१७.कारवाहीको व्यवस्था :**(१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ । साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा प्राप्त अनुदान रकम प्रचलित ब्याजसहित असुल उपर गरिनेछ । र अन्य कार्यक्रममा समावेश गरिने छैन ।

**१८. प्रचलित कानुन बमोजिम हुने** :(१) यस कार्यविधिमा उल्लेख भएका बुंदाहरु प्रचलित कानुनसंग बाझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ ।

**१९. संशोधन** : (१) यस कार्यविधिको कार्यन्वायनमा कुनै बाधाअड्चन परेमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

## अनुसूची - १

## आवेदन-पत्र

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत,

धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

मुना, म्याग्दी

महोदय,

विषय :अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

प्रस्तुत विषयमा मिति............. प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम बाख्रा प्रवर्द्धन कार्यक्रममा सहभागी हुने चाहना भएकोले सूचनामा खुलाईएको तपशिल बमोजिमको आवश्यक कागजात राखी निवेदन पेश गरिएकोछ । अनुदान सहयोग प्राप्त भएमा सर्त अनुसार कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

तपशिल :

१. अनुसुचि - १ बमोजिमको आवेदन पत्र, अनुसुचि - २ बमोजिमको प्रतिवद्धता पत्र र अनुसुचि - ३ बमोजिमका कार्ययोजना विवरण

२. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि

३.आवेदकको फर्म दर्ता, पान नं. दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

४. विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको अनुसुची - ४ बमोजिमको स्व-घोषणा पत्र

५.कृषक समूह/सहकारीको हकमा बैठक निर्णय प्रतिलिपि

६. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र

**निवेदक :**

नाम :

ठेगाना :

मोवाईल नं. :

दस्तखत :

संस्थाको छाप :

मिति.

अनुसूचि -२

प्रतिबद्धता पत्र

....................को सूचना अनुसार.............................कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको / का छु / छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अनुसारको कार्य नगरेमा धवलागिरी गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुँला / बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु / छौं ।

साझेदारको तर्फबाट

नाम :

ठेगाना :

सम्पर्क नं. :

दस्तखत :

मिति :

संस्थाको छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसुचि - ३

## कार्ययोजना विवरण

१. व्यवसायको परिचय :

२. उदेश्य :

३. बाख्रापालन व्यवसायमा अनुभव :

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरण :

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुको विवरण :

६. साझेदारीमा सञ्चालन गरिने प्रस्तावित कार्यविवरण :

| क्र.स. | कार्यक्रम विवरण | अनुदान रकम | स्वःलगानी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | माउ बाख्रा/ब्याड बोका खरिद | | | | |
| २ | खोर निर्माण | | | | |

७. साझेदारीमा बाख्रा प्रवर्द्धन गर्ने आवेदकले न्यूनतम अनुदान रकम र स्वलगानी रकम प्रस्तावित कार्ययोजनामा समावेश गर्नु पर्नेछ ।

८. अपेक्षित वार्षिक प्रतिफल :

**आवेदन पेश गर्ने साझेदारको :**

निजी फार्म/समुह/सहकारीको नामः
सम्पर्क नं.
ठेगाना : म्याग्दी जिल्ला धवलागिरी गाउँपालिका वडा नं.....
बाख्रापालन गरिने स्थान :
आवेदकको तर्फबाट सही गर्नेको :
नाम :
दस्तखत :
मिति :
औंठाको/संस्थाको छाप

<u>अनुसूचि-४</u>

**स्व-घोषणा पत्र**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत,

धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

मुना, म्याग्दी

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ........को सूचना अनुसार..........................ले बाख्रा प्रवर्द्धन कार्यक्रममा प्रस्ताव पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौं । यदि यस स्व-घोषणामा केहि झूठ पाइएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

तपसिल,

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।

२. कुनैपनि वित्तिय संस्था वा सरकारी निकायको कालोसूचीमा परेको छैन ।

३. विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त गरेको छैन ।

**आवेदकको नाम :**

पद :

ठेगाना :

| दायाँ | बायाँ |
|---|---|
| | |

समूह/सहकारीको नाम :

समूह/सहकारीको छाप :

सम्पर्क नं.:

## अनुसूचि-५

## सम्झौता - पत्र

आ.व ............ मा सञ्चालन हुने बाख्रा प्रवर्द्धन कार्यक्रमको लागि धवलागिरी गाउँपालिकाको (यस भन्दा पछाडी प्रथम पक्ष भनिने) र छनौट भएका निजी क्षेत्र (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बिच तपशिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

**शर्तनामाहरु :**

१.दोस्रो पक्षले बाख्रा फार्ममा कार्ययोजना बमोजिम बाख्रा खरिद तथा गोठ निर्माण कार्य गर्नुपर्नेछ ।

२. प्रथम पक्षले बुँदा न. १ बमोजिमको कार्यको लागि अनुदान दोस्रो पक्षलाई उपलब्ध गराउनेछ।

३.दोस्रो पक्षले अनुदान रकम नियमानुसार खर्च गरि खर्चको प्रमाणित विल भरपाईहरु प्रथम पक्षलाई बुझाउनुपर्ने छ ।

४. प्रथम पक्षले दोश्रो पक्षलाई बाख्रा प्रवर्द्धन कार्यक्रमका लागि सम्झौता बमोजिमको अनुदान रकम कार्ययोजना बमोजिम कार्य सम्पन्न भए पश्चात बैंक खातामा जम्मा गरी उपलब्ध गराउने छ।

५. दोश्रो पक्षले प्रथम पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको कार्यक्रम सञ्चालन गर्नेछ।

६. दोश्रो पक्षले कार्यक्रम सञ्चालन गरे/नगरेको प्रथम पक्षले अनुगमन गर्नेछ ।

७. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम् हुनेछ ।

८. दोस्रो पक्षले प्रस्ताव साथ पेश गरेको कार्ययोजना बमोजिमको कार्य मुल्यांकन गरि प्राप्त प्रतिवेदनको आधारमा स्विकृत अनुदान रकम घट्न सक्ने छ ।

९. अनुदान रकम लिई सकेपछि कम्तीमा २ वर्षसम्म बाख्राको संख्या घटाउन पाईने छैन ।

१०.दोस्रो पक्षले कार्ययोजना अनुसार काम नगरेको अवस्थामा सोको सम्पुर्ण जिम्मेवारी बहन गर्नुपर्नेछ

११. यो सम्झौता चालु आ.व. .......................को लागि मात्र हुनेछ ।

१२. यस सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**कार्यालयको तर्फबाट :**

नाम :

पद :

दस्तखत :

कार्यालयको छाप :

रोहवर

१.

**साझेदार संस्थाको तर्फबाट :**

नाम :

पद :

दस्तखत :

सम्पर्क नं. :

संस्थाको छाप

ईति सम्वत्.......... साल..........महिना....

## अनुसूची-६

## मुल्यांकनका आधारहरु

बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि व्यक्ति/कृषक/कृषि समूह/सहकारी/संस्था छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु देहाय बमोजिम हुनेछन्

| क्र.स. | दर्ता नं. | आवदेको नाम र ठेगाना | कार्य योजना २५ | व्यवसायको सम्भाव्यता/ उपयूक्ता २५ | अनुभव/ तालिम १० | आफैले बाख्रा संकलन गरी हुर्काई रहेको संख्या १० | भौगोलिक उपयूक्ता ५ | घाँस खेतीको लागि जग्गाको क्षेत्रफल २५ | कूल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

आज्ञाले,

विष्णु प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत